**नेपाली** / ***NEPALI***

डेन काउन्टीमा घरमै सुरक्षित (*Safer at Home*) मार्गनिर्देशनहरू अझै प्रभावमा छन्

जनस्वास्थ्य म्याडिसन डेन काउन्टीले (*Public Health Madison Dane County*) एक स्थानीय जनस्वास्थ्य आदेश जारी गरेको छ जसले म्याडिसन र डेन काउन्टी मा मे २६ सम्मको घरमै सुरक्षित मार्गनिर्देशनहरू कायम राख्दछ।

यो आदेश बुधवार विस्कन्सिन सर्वोच्च अदालतको निर्णय, जसले राज्यको घरमै सुरक्षित आदेशलाई अवैध बनाएको थियो, त्यसको प्रतिक्रियाको रूपमा आएको छ।

आदेशहरूमा बदल आएपनि, क्याम्पस सञ्चालनमा कुनै प्रभाव परेको छैन, जुन आवश्यक सेवाहरूमा सीमित छ। विद्यार्थीहरूलाई अनावश्यक यात्रा, शारीरिक दूरी, हात धुने र *COVID-19* लक्षणहरूको लागि आफैँ निगारानीमा बस्ने निर्देशन पालना गर्न जारी राख्न आग्रह गरिएको छ।

*UW–Madison* ले विश्वव्यापी महामारीको बेलामा स्थानीय, राज्य र संघीय जनस्वास्थ्य अधिकारीहरूसँग चलिरहेको चिकित्सा र जनस्वास्थ्यको सहकार्यबाट सूचित सञ्चालन, शैक्षिक, र अनुसन्धानको निर्णय लिन जारी राख्नेछ।

*PHMDC* को आदेशको बारेमा थप यहाँ पढ्नुहोस्:
https://publichealthmdc.com/news/safer-at-home-order-guidelines-still-in-place-in-dane-county